केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <bfird@nrb.org.np>
Web Sites : www.nrb.org.np
टेलिग्राम : "रावा"
टेलेक्स : २२०७ रावा एनपी
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/४७/०६५/६६ मिति : २०६६/२/२६

**सम्पूर्ण इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरु,**

महाशय,

यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुको लागि देहायका विषयका देहायका बुँदाहरु समायोजन गरी तथा विद्यमान निर्देशनमा संशोधन एवं परिमार्जन गरी देहाय बमोजिमको व्यवस्था कायम गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ।

(१) यस बैंकको प.सं. बै.वि.नि.वि. तथ्याङ्क-९।०६२।६३ मिति २०६२।०७।०८ को पत्रबाट जारी निर्देशन अनुसार त्रैमासिक वित्तीय विवरण (Unaudited Financial Result/Provisional) महिना व्यतित भएको दुई हप्ता भित्र कुनै एक राष्ट्रिय स्तरको दैनिक पत्रिकामा अनिवार्य रुपले प्रकाशित गर्नु पर्ने व्यवस्था रहेकोमा अब उप्रान्त बैंक तथा बित्तीय संस्थाहरुले सम्पूर्ण शाखाहरुको समेत कारोबार समावेश गरी वास्तविक एकिकृत वित्तीय बिवरण हरेक त्रैमासको महिना व्यतित भएको मितिले ३५ दिन भित्र कुनै एक राष्ट्रियस्तरको दैनिक पत्रिकामा अनिवार्य रुपमा प्रकाशित गरी सो को एक प्रति बैंक तथा वित्तीय संस्था नियमन विभाग र सम्बन्धित सुपरिवेक्षण विभागलाई समेत उपलब्ध गराउने। (संलग्न ने.रा.बैंक अनुसूची ४.३२)

(२) बैंक तथा बित्तीय संस्थाहरुले त्रैमासिक बित्तीय बिवरण प्रकाशन गर्दा अनिबार्य रुपमा आन्तरिक लेखापरीक्षकबाट प्रमाणित गराएर मात्र प्रकाशन गर्नुपर्ने।

(३) हरेक आर्थिक बर्षको अन्त्यमा सम्बन्धित संस्थाको अपरिष्कृत वित्तीय विवरण र लेखापरीक्षण भएको बित्तीय बिवरणबिच देखिएको अन्तर सम्बन्धमा कारण खुलाई तालिकाकै रुपमा संस्थाको बार्षिक प्रतिवेदनको अलग्गै पानामा देहायको ढांचामा प्रकाशित गर्नुपर्ने। (संलग्न ने.रा.बैंक अनुसूची ४.३३)

(४) बैंक तथा बित्तीय संस्थाहरुले बित्तीय बिवरण प्रकाशित गर्दा उक्त अवधिको कर्मचारी बोनस, आयकर व्यवस्था लगायतका सम्पूर्ण खर्चहरुलाई समावेश गरेर मात्र प्रकाशित गर्नुपर्ने।

(५) बैंक तथा बित्तीय संस्थाहरुले सर्वसाधारणको जानकारीको लागि अपरिष्कृत वित्तीय विवरण प्रकाशन गर्दा सुपरिवेक्षण गर्ने निकाय तथा वाह्य लेखापरीक्षकले थप/घट गर्न निर्देशन दिएमा परिष्कृत वित्तीय विवरणमा फरकपर्न सक्ने छ भन्ने व्यहोराको फुटनोट राखी प्रकाशन गर्नुपर्ने।

(६) ऐन, नीति, नियम तथा निर्देशनमा स्पष्ट गरिएका बिषयमा समेत बैंक व्यवस्थापनले समयमै समायोजन नगरी बित्तीय बिवरणमा फरक परेको अवस्थामा सम्बन्धित संस्थालाई आवश्यक कारबाही गरिने।

(७) त्रैमासिक वित्तीय विवरण प्रकाशित गर्ने सम्बन्धमा यस बैंकको प.सं. बै.वि.नि.वि. तथ्याङ्क-९।०६२।६३ मिति २०६२।०७।०८ को पत्रबाट जारी निर्देशन खारेज गरिएको छ।

भवदीय,

(लक्ष्मीप्रपन्न निरौला)
निर्देशक

<u>बोधार्थ :</u>

१. श्री व्यवस्थापिका संसद, सार्वजनिक लेखा समिति।
२. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग।
३. श्री नेपाल राष्ट्र बैंक, वित्तीय संस्था सुपरिवेक्षण विभाग।
४. श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग।
५. श्री नेपाल राष्ट्र बैंक, कानून महाशाखा।
६. श्री नेपाल राष्ट्र बैंक, जिल्ला स्थित कार्यालयहरु।
७. श्री नेपाल बैंकर्स संघ, हेरिटेजप्लाजा, काठमाण्डौं।
८. श्री विकास बैंक तथा वित्तीय संस्था संघ नेपाल, बबरमहल, काठमाण्डौं।
९. श्री नेपाल वित्त कम्पनी संघ, वागदरवार, विजनेस कम्प्लेक्स, काठमाण्डौं।